# आदिवासी जनजाति आयोग
पुल्चोक, ललितपुर


पत्र संख्या : ०७७।७८
च.नं. :

मिति २०७८।०३।०३

## प्रेस विज्ञप्ती

हाल वर्षा यामको कारण आएको बाढी पहिरोले देशका विभिन्न ठाउँमा वसोवास गरेका आदिवासी जनजाति तथा सम्पूर्ण समूदायलाई धनजनको ठूलो क्षति पुऱ्याएको प्रति आदिवासी जनजाति आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । कोभिड -१९ को महामारीले आक्रान्त पारेको जनतालाई फेरी अर्को प्राकृतिक प्रकोप बाढी पहिरोले खोला नाला र पहाड पखेरामा वस्नुहुने आदिवासी जनजातिहरुको जीवन अति जोखिममा परेकोले उनीहरुको जीउ धनको रक्षाको सवाल अहिलेको परिस्थितिमा मूख्य विषय बनेको छ । यसमा नेपाल सरकारको गम्भिर रुपमा ध्यानाकर्षण गराउन चहान्छु ।

अहिले भइरहेको बर्षा बाढी तथा पहिरो यो वर्षको शुरुवात भएको र वर्षाको वाढी पहिरो जाने समय अझै धेरै समय बाँकी रहेकोले अव आउने दिनहरुमा थप धनजनको क्षति नहुनको लागि सरकारले चाडै विपद् ब्यवस्थापनको उचित तयारी गरोस र घटी सकेको घटनाको यथार्थ विवरण प्रकाशन गरी क्षति पुगेको धनजनको उचित मूल्यांकन गर्दै आदिवासी जनजाति लगायत सवै समूदायको तत्काल राहत तथा उद्दार होस् भनी आदिवासी जनजाति आयोग सरकारलाई अनुरोध गर्दछ ।

(रामबहादुर थापामगर)
अध्यक्ष

मा. अध्यक्ष


टेलिफोन नं : ९७७-१-५५२४७८८, ५५२४४२४
बेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com


Scanned with CamScanner